# आठौं गाउँसभामा प्रस्तुत
# आर्थिक वर्ष २०७८/०७९ को
# नीति तथा कार्यक्रम

# सहिदभूमि गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

**धनकुटा**

**१ नं. प्रदेश, नेपाल**

**पारित मितिः १० आषाढ २०७८**

# यस सहिदभूमि गाउँपालिकाका अध्यक्ष श्री मनोज राईज्यूबाट प्रस्तुत गरिएको आ.ब. २०७८/७९ को नीति तथा कार्यक्रम

**उपस्थित गाउँसभा सदस्यज्यूहरु,**

१. नेपालको संविधान बमोजिम राष्ट्रको सर्वाङ्गीण विकासका लागि संघीय प्रणाली लागु भएर स्थानीय सरकारको गठन भई गाउँपालिकामा योजनाबद्ध विकासको थालनी भएको चार बर्ष पुरा भएको अवसरमा यस सहिदभूमि गाउँपालिकाको आर्थिक बर्ष २०७८/०७९ को बार्षिक नीति तथा कार्यक्रम यस सम्मानित गाउँसभामा प्रस्तुत गर्न पाउँदा खुसी लागेको छ ।

२. नेपाल लगायत पुरै विश्व नै यतिवेला कोभिड-१९ को माहामारीबाट आक्रान्त भइरहेको अवस्था छ । यो महामारीबाट संक्रमित भई जीवन गुमाउनुहुने सहिदभूमि गाउँपालिकाका चार जना सहित अन्य नेपाली नागरिकहरु प्रति भावपूर्ण श्रद्धाञ्जली प्रकट गर्दै शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछु । साथै उपचाररत सम्पूर्ण संक्रमितहरुको शीघ्र स्वास्थ्य लाभको कामना समेत गर्दछु ।

३. यस विषम परिस्थितिमा अहोरात्र खटिरहनु भएका सम्पूर्ण स्वास्थ्यकर्मी,सुरक्षाकर्मी,एम्बुलेन्स तथा शववाहन चालक, जनप्रतिनिधि साथीहरु,व्यवस्थापकीय कार्यमा खटिरहनु भएका कर्मचारीहरु तथा कोभिड-१९ विरुद्धको अभियानमा सहकार्य र सहयोग गर्नुहुने राजनैतिक दल,निजी क्षेत्र,क्लव,संघ संस्था लगायत सम्पूर्ण प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

४. कोभिड-१९ महामारीको असहज र चुनौतीपूर्ण अवस्थामा आज सहिदभूमि गाउँपालिकाको आठौं गाउँसभामा पाँचौ आर्थिक बर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्न लागिरहेको छु । यस अवसरमा नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यबस्था प्राप्तिका लागि भएका विभिन्न आन्दोलनका र सहिदभूमि गाउँपालिकाको छिन्ताङ्ग हत्याकाण्डका क्रममा आफ्नो अमूल्य जीवन वलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु ।

५. नेपाल सरकारले तय गरेको **“समृद्ध नेपाल : सुखी नेपाली”** भन्ने राष्ट्रिय आकाङ्क्षालाई सार्थक रुप प्रदान गर्न तथा सहिदभूमि गाउँपालिकामा सामाजिक न्याय सहितको समग्र विकास गर्नका लागि दीर्घकालीन सोंचका रुपमा “**सहिदभूमिको समृद्धि : शिक्षा, स्वास्थ्य, पर्यटन र कृषि”** को नीति लाई अवलम्बन गरिनेछ ।

६.विकास र समृद्धिसहित समुन्नत सहिदभूमि गाउँपालिका निर्माण गर्न **“विपन्नसँग अध्यक्ष कार्यक्रम”**लाई निरन्तरता दिइनेछ । यसका लागि सडक तथा यातायात, शिक्षा तथा खेलकुद, स्वास्थ्य तथा सरसफाई, सिंचाइँ तथा कृषि, स्वच्छ खानेपानी, सीप तथा रोजगार, सबल उर्जा तथा सञ्चार र सुशासन जस्ता क्षेत्रमा विविध कार्यक्रम् सञ्चालन गरिनेछ । यस लगायत दिगो शान्ति,सुशासन,बिकास र समृद्धिका क्षेत्रमा समेत कार्य गर्न स्थानीय, प्रदेश र संघीय सरकार तथा राष्ट्रिय र अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरु समेतको साझेदारीमार्फत लगानी बढाएर **“सहिदभूमिमा सात ‘स’ अभियान”** सञ्चालन गरिनेछ । बिगतका बर्षहरुमा सञ्चालन हुँदै आएको **“गाउँसभा सदस्य पूर्वाधार कार्यक्रम”**लाई निरन्तरता दिइनेछ ।

७. **“सुरक्षित मातृत्व : सुनिश्चित जीवन”** भन्ने गाउँपालिकाको आकाङ्क्षाका साथ गत बर्षबाट सुरु भएको **“गर्भवती र सुत्केरी महिलासँग उपाध्यक्ष कार्यक्रम”**लाई निरन्तरता दिई गाउँपालिका क्षेत्रमा रहेका गर्भवती र सुत्केरी महिलालाई पोषणयुक्त आहाराका लागि प्रोत्साहन तथा नवजात शिशुलाई न्यानो कपडा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ । सुरक्षित प्रसुतिका लागि यस गाउँपालिका अन्तर्गत रहेका बर्थिङ सेन्टरहरुलाई आवश्यक सामग्री सहित व्यवस्थित गर्दै लगिनेछ ।

८. गाउँपालिकालाई पूर्ण खोप सुनिश्चित गर्नका लागि आवश्यक स्थानमा खोप केन्द्रहरु थप गर्दै लगिनेछ । नवजात शिशु र सुरक्षित मातृत्वका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्ने महिला स्वास्थ्य स्वंयम्सेविकाहरुको क्षमता अभिबृद्धि र प्रोत्साहनका लागि आवश्यक व्यवस्था मिलाइनेछ । साठी बर्ष उमेर पुरा भएका महिला स्वास्थ्य स्वयम्सेविकाहरुलाई सम्मानजनक बिदाइ गरिनेछ ।

९.कोभिड-१९ को महामारीको रोकथाम तथा संक्रमणको उच्च जोखिमलाई मध्यनजर गर्दै सहिदभूमि कोभिड अस्पताल मार्फत थप स्वास्थ्य जनशक्ति, स्वास्थ्य सामग्री र उपकरणको व्यवस्था मिलाइनेछ । स्वास्थ्य चौकी,आधारभुत स्वास्थ्य सेवा केन्द्र मार्फत सहिदभूमि गाउँपालिकाबासीलाई आधारभुत स्वास्थ्य सेवा प्रदान गर्नकालागि आवश्यक पर्ने औषधी,उपकरणलगायत स्वास्थ्य तथा परामर्श सेवामा निरन्तरता दिइनेछ । सहिदभूमि गाउँपालिकामा एक आधारभूत अस्पतालको स्थापना गरिनेछ ।कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रणलाई प्रभावकारी बनाउनका लागि आवश्यक भौतिक संरचनाहरुको निर्माण तथा स्तरोन्नति गर्दै लगिनेछ । यहाँ रहेका स्वास्थ्य चौकी,आधारभुत स्वास्थ्य सेवा केन्द्र मार्फत उपलब्ध गराउँदै आएको निःशुल्क औषधी वितरण,परिवार नियोजनका साधन,सुरक्षित मातृत्व सम्बन्धी परामर्श लगायतका सेवा सुविधालाई निरन्तरता दिइनेछ । आँखिसल्ला र साम्बुगाउँ स्वास्थ्य चौकीमा सञ्चालनमा रहेको प्रयोगशालालाई निरन्तरता दिइनेछ । यस गाउँपालिकामा रहेको स्वास्थ्य चौकीहरुको भौतिक संरचना निर्माण तथा स्तरोन्नत्ति गर्नका लागि प्रदेश तथा संघीय सरकार मार्फत आवश्यक पहल गरिनेछ ।

१०. सहिदभूमि गाउँपालिकाका आर्थिक रुपमा विपन्न तथा गरिब,अशक्त,अपाङ्गता भएका व्यक्ति,एकल महिला र ज्येष्ठ नागरिकहरुलाई लक्षित गरेर क्यान्सर(अर्बुद), मुटुरोग, स्पाईनलकर्ड इन्जुरी, मृगौला रोग, हेड ईन्जुरी, सिकल सेल एनिमिया, पार्किन्सन्स रोग, अल्जाईमर्स भएका बिरामी र दीर्घरोगबाट पीडित रोगीहरुलाई गाउँबाट अस्पतालसम्म पुग्न एक पटकका लागि यातायात खर्चबापत प्रति बिरामी रु.५,०००।- (अक्षरेपी पाँच हजार मात्र) उपलब्ध गराउने व्यवस्था मिलाइने छ । साथै उपर्युक्त आठ किसिमका रोग भनी मान्यता प्राप्त चिकित्सकबाट प्रमाणित भई आएमा रोगको उपचार गर्न नसक्ने विपन्न तथा असहाय नागरिकको लागि यस गाउँपालिकाको विपन्न नागरिक औषधी उपचार कोष कार्यक्रमबाट उपचार हुने गरी अस्पतालमा सिफारिस गर्ने व्यवस्था मिलाइनेछ ।

११. सहिदभूमि गाउँपालिकालाई पूर्ण सरसफाईयुक्त, पुर्ण खोप सुनिश्चिता, बालमैत्री, वातावरणमैत्री, लैङ्गिकमैत्री र अपाङ्गतामैत्री बनाउँदै दिगो मानव बसोबासका लागि हुनुपर्ने न्यूनतम मापदण्ड भएको गाउँपालिका निर्माण गर्ने अभियानलाई प्राथमिकतासाथ अगाडि बढाइनेछ । जनस्वास्थ्य प्रर्वद्धन गर्न स्वास्थ्य शाखाको सिफारिसमा सम्भाव्य स्वास्थ्य प्रकोपको क्षेत्र र रोग पहिचान गरी न्यूनिकरणका लागि औषधी एवम् जनशक्ति व्यवस्थापन गरिनेछ । यस गाउँपालिकाका नागरिकहरुलाई शारीरिक एवम् मानसिक रुपमा स्वस्थ राख्नको लागि योग शिविर तथा अन्य स्वास्थ्य शिविरको आयोजना गरिनेछ ।

**उपस्थित सम्पूर्ण गाउँसभा सदस्यज्यूहरु,**

१२. गत बर्षको नीति तथा कार्यक्रममा समावेश भएका यस सहिदभूमि गाउँपालिका भित्रका सडकहरुलाई स्तरोन्नति गर्दै लगिने छ । गाउँपालिकाले तयार गरेको गाउँ यातायात गुरुयोजनाका आधारमा सडकको क्षेत्राधिकार तथा सडकको चौडाईंलाई जुनसुकै स्थानमा सडक विस्तार गर्दा न्यूनतम ६(छ) मिटर कायम राखी सडक निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१३. यस सहिदभूमि गाउँपालिकाको गौरवको आयोजनाका रुपका रहेको हिले छिन्ताङ्ग त्रिवेणी उदयपूर सडक ,पंचकन्या सेतीचौक सफाइटार सडक,थलथले चाम्चा सप्टिङटार सडक,मुलघाट त्रिवेणी भोजपुर सडक, पिप्ले जिसु राईघाट सडक,पिप्ले सन्देशचौक मङ्गसुवाटार सडक, लाई संघीय सरकार र प्रदेश सरकारमार्फत स्तरोन्नति तथा कालोपत्रे गर्ने कार्य अगाडि बढाइनेछ ।

१४. संघीय,प्रदेश तथा स्थानीय सरकारका माध्यमबाट सुकेआहाल माङ्गफिङ खोकु सडक, पन्चकन्या बेलटार भालुखोला सडक,सेतीचौक हाङ्गुवा संविधानसभा चौतारा सडक,सुकेआहाल माङ्गतिन पोक्ला हाङ्गखा सडक, साम्बुगाउँ गुराँसे पंचकन्या सडक,साम्बुगाउँ कागुने ललाहोङ ललाहानीटार सडक,पञ्चकन्या पाताल साम्बुगाउँ सडक,थलथले माम्फिङ डिही बत्तीसे खोकु सडक लगायत अन्य महत्वपूर्ण सडक निर्माण मर्मत संम्भार तथा स्तरोन्नति कार्यलाई निरन्तरता दिइनेछ ।

१५.सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत यस सहिदभूमि गाउँपालिकाभित्र रहेका विपन्न व्यक्तिहरुको फुस्को छानालाई क्रमशः विस्थापन गर्दै टिनको छाना लगाउने कार्यक्रमलाई अगाडि बढाइनेछ । यसरी कार्यक्रम् सञ्चालन गर्दा नेपाल सरकारले सञ्चालन गरेको सुरक्षित नागरिक आवास कार्यक्रम्लाई आधार बनाइनेछ ।

१६.सहिदभूमि गाउँपालिकासँग जोडिएका छिमेकी गाउँपालिका, नगरपालिका र छिमेकी जिल्लासँग आवतजावत सहजताका लागि नदी तथा खोलामाथि प्रदेश सरकार र संघीय सरकारको अनुदान सहयोगमा झोलुङ्गे पुलको निर्माणको लागि पहल गरिनेछ । आवश्यकताको आधारमा स्थल छनौट गरी प्रदेश सरकार तथा संघीय सरकारमार्फत मोटरेबल (पक्की) पुल निर्माणका लागि योजना माग गरिनेछ ।

१७."**सक्षम खेलाडी : प्रतिस्पर्धी खेलकुद**" भन्ने नाराका साथ विभिन्न खेलका माध्यमबाट गाउँपालिकाभित्रका सबै खेलाडीहरुको शारीरिक र मानसिक स्वास्थ्य तन्दुरुस्त राख्न, सामूहिक भावनाको बिकास गराउन तथा अनुशासित र मर्यादित जीवनयापन गराउन साथै मनोवल उच्च राख्नका लागि प्रत्येक वडामा क्रमागत रुपमा एक आधारभूत खेलमैदान सहित अन्य भौतिक संरचना तयार गर्ने व्यवस्था मिलाइनेछ । ठूला किसिमका खेलमैदान तथा खेलकुदका भौतिक संरचनाहरु संघीय सरकार र प्रदेश सरकारमार्फत निर्माण गर्न आवश्यक पहल गरिनेछ । युवा समूह, खेलकुद क्लव वा अन्य संस्थाको सहकार्यमा विभिन्न किसिमका खेलकुदको आयोजना गर्न तथा खेलाडीहरुलाई खेलकुद सामग्रीको वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

**उपस्थित सम्पूर्ण गाउँसभा सदस्यज्यूहरु,**

१८. सामुदायिक विद्यालयहरुमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्न आधारभूत तहसम्म मातृभाषामा अध्ययन अध्यापन गर्न प्रोत्साहन गरिनेछ । स्थानीय पाठ्यक्रम निर्माण गरी पठनपाठन गर्ने व्यवस्था मिलाइनेछ । गाउँपालिकामा रहेका सामुदायिक विद्यालयहरुको भौतिक संरचनाको बिकास तथा सुविधा विस्तार गर्नका लागि नेपाल सरकार, प्रदेश सरकार तथा अन्य सरकारी गैरसरकारी संघसंस्थाहरुसंग साझेदारी मार्फत भौतिक सुविधा विस्तार कार्यक्रमबाट विद्यालयहरुको भवन निर्माण, शौचालय निर्माण, बिज्ञान प्रयोगशाला व्यवस्थापन, आई.सि.टी.व्यबस्थापन, पुस्तकालय निर्माण लगायतका कार्यलाई निरन्तरता दिइनेछ ।

१९. सहिदभूमि गाउँपालिकामा एक प्रौद्योगिक शिक्षालय तथा क्याम्पसको स्थापना गर्न पहल गरिनेछ । गुणस्तरीय,सीपमुलक र रोजगारमुलक शिक्षा प्रर्वद्धन गर्नको लागि स्थानीय शिक्षा ऐनको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ । गाउँपालिकाको नमूना विद्यालय स्तरोन्नति र सञ्चालन तथा प्राविधिक शिक्षा प्रवर्द्धनमा संघीय सरकार र प्रदेश सरकार समक्ष समन्वयकारी भूमिका निर्वाह गरिनेछ । सम्पूर्ण विद्यालय सहित बाल विकास केन्द्र र सामुदायिक सिकाइ केन्द्रमार्फत विभिन्न किसिमका शिक्षण सिकाइ कृयाकलाप गरी गाउँपालिकाको साक्षरता वृद्धि गरिनेछ ।

२०. गाउँपालिकाका सबै वडामा कृषि तथा पशु बिकासका कार्यहरु सन्चालन गरिनेछ । मल,बीउ,पशुजन्य औषधी,कृत्रिम गर्भाधान सेवाबाट उन्नत नश्लका पशुहरुको बृद्धि गरी गाउँपालिकालाई दुध,अण्डा र मासुमा आत्मनिर्भर बनाउन आवश्यक पहल गरिनेछ । मासुमा आत्मनिर्भर हुन प्रदेश सरकार तथा संघीय सरकार मार्फत अनुदानका कार्यक्रमहरु सन्चालन गर्न आवश्यक पहल गरिनेछ ।

२१. सहिदभूमि गाउँपालिकाका कृषकहरुलाई व्यवसायिक बनाउनका लागि पशुपालन क्षेत्रमा आवश्यक हिउँदे तथा बर्षे घाँसको बीउ र बेर्ना,तरकारी तथा खाद्यन्नबाली वृद्धि गर्न साझेदारी अनुदानमा कृषकहरुलाई मकै र गहुँको उन्नत जातको बीउ उपलब्ध गराइनेछ । मकै र गहुँ बालीमा लाग्ने खतरनाक फौजी कीरा लगायतका अन्य बालीलाई क्षति पुऱ्याउने रोग कीराको नियन्त्रण तथा रोकथाम गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

२२. अर्गानिक करेसावारी, फलफुल र वनस्पति उत्पादन गर्न सबै गाउँवासीलाई प्रोत्साहन गरिनेछ । खाली जग्गामा वृक्षारोपण गरी आफ्नो ठाउँलाई हरभरा पार्न उत्प्रेरित गरिनेछ । एभोकाडो, कफी, सजीवन(मोरीङ्गा) जस्ता फलफुल तथा कृषिजन्य उत्पादनतर्फ अग्रसर बन्न कृषकहरुलाई पकेट क्षेत्र बिस्तार कार्यक्रम् मार्फत प्रेरित गरिनेछ ।

२३. सुन्तला जात फलफुलका बिरुवामा लाग्ने रोगको समस्या समाधान गर्न बिज्ञमार्फत अनुसन्धान गर्ने व्यबस्था मिलाइनेछ । एभोकाडो र अन्य स्थानीय जातका फलफुल र वनस्पतिको विस्तार गर्ने नीति अवलम्बन गरिनेछ । यसका लागि संघीय सरकार र प्रदेश सरकारसंग आवश्यक समन्वयको नीति अपनाइनेछ ।

२४. व्यवसायिक खेतीलाई प्रोत्साहित गर्नको लागि कृषकहरुलाई तालिमको व्यवस्था मिलाइनेछ । अर्गानिक खेतीलाई जोड दिन आवश्यक प्राविधिक जनशक्ति मार्फत उपयुक्त परामर्शको व्यवस्था गरिनेछ । सहिदभूमि गाउँपालिकालाई बिषादिमुक्त बनाउन आवश्यक पहल गरिनेछ ।

**उपस्थित सम्पूर्ण गाउँसभा सदस्यज्यूहरु,**

२५. व्यवसायिक खेतीलाई प्रोत्साहित गर्नको लागि कृषकहरुलाई तालिमको व्यवस्था मिलाइनेछ । अर्गानिक खेतीलाई जोड दिन आवश्यक प्राविधिक जनशक्ति मार्फत उपयुक्त परामर्शको व्यवस्था गरिनेछ । सहिदभूमि गाउँपालिकालाई बिषादीमुक्त बनाउन आवश्यक पहल गरिनेछ । तरकारी उत्पादनका लागि कृषकलाई मिनिकिट वितरण कार्यक्रम सञ्चालन गरिनेछ । कृषिजन्य पदार्थको उत्पादनलाई सुरक्षित राख्नका लागि शीत भण्डार निर्माण गर्न सरोकारवाला निकायहरुसँगको साझेदारीमार्फत आवश्यक पहल गरिनेछ ।

२६. कृषिलाई आधुनिक तथा व्यवसायिक बनाउनका लागि आवश्यक यन्त्र तथा उपकरणहरुको वितरण कार्यलाई निरन्तरता दिइनेछ । पशु बिकासका लागि उन्नत जातका बीउ बोका,आधुनिक खोर निर्माणका लागि आवश्यक अनुदानको व्यवस्था मिलाइनेछ । मिनीटिलर, विद्युतीय स्प्रेयर जस्ता कृषिका आवश्यक उपकरणहरुको वितरण कार्यलाई निरन्तरता दिइनेछ ।

२७. संघीय सरकार,प्रदेश सरकार,सहिदभूमि गाउँपालिका र अन्तराष्ट्रिय दातृ निकायको साझेदारीमा पहिलो बर्ष सहिदभूमि गाउँपालिकाका सिरानकुलो सिचाइँ आयोजना र रोकथोक्मा सिचाइँ आयोजना सञ्चालन गरिनेछ साथै अन्य सिचाइँ आयोजनाहरुलाई क्रमश सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

२८. "**सुसंस्कार हाम्रो पहिचान : वृद्ध वृद्धालाई सम्मान"** भन्ने गत बर्षको नीतिलाई निरन्तरता दिइनेछ । जसका लागि जेष्ठ नागरिकहरूलाई न्यानो कपडा वितरण, स्वास्थ्य परामर्श, निःशुल्क उपचार शिविर, दिवासेवा केन्द्र स्थापना, अनुभव संकलन तथा अभिलेखाङ्कन जस्ता कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

२९. गाउँपालिकालाई बालमैत्री गाउँपालिकाको घोषणा गर्नका लागि कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ। यौनिक तथा लैङ्गिक रुपमा अल्पसंख्यक समुदायको हकहितको संरक्षणको लागि विशेष व्यवस्था मिलाइनेछ ।

३०. नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को अधिनमा रही सहिदभूमि गाउँपालिकामा मातृभाषाका रुपमा बोलिने **बान्तवा राई, छिन्ताङ्गे राई र छिलिङ्ग राई** भाषाहरुलाई सहिदभूमि गाउँपालिकाको स्थानीय सरकारी कामकाजको भाषाका रुपमा प्रयोग गर्न निरन्तरता दिइनेछ । यी मातृभाषा प्रयोगकर्ताहरुलाई सहजीकरण गर्न गाउँपालिकामा कार्यरत विभिन्न मातृभाषी कर्मचारीहरुलाई फोकल पर्सनका रुपमा विशेष जिम्मेवारी दिइनेछ । आदिवासी जनजातिको परम्परादेखि चलिआएको ज्ञान, सीप, कला, सँस्कृतिको संरक्षण गर्ने नीति अवलम्बन गरिनेछ । गाउँपालिकाले सम्बन्धित आदिवासी जनजातिका संस्था र सरोकारवालाहरुको सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

३१.सहिदभूमि गाउँपालिका क्षेत्रको फोहोरलाई व्यबस्थित बनाउन फोहोरमैला व्यवस्थापन गर्ने स्यानिटरी ल्याण्डफिल्ड साईडलाई भौतिक संरचना निर्माण गरी वातावरणमैत्री बनाउने नीति अवलम्बन गरिनेछ । सहिदभूमि गाउँपालिकामा रहेको छिन्ताङ्ग सब डिभिजन बन कार्यालय,अन्य संस्था तथा कम्पनी र गाउँपालिकाको त्रिपक्षीय समझदारी मार्फत गाउँपालिकाभित्रका कृषकहरुलाई फलफुल तथा जडीबुटीजन्य व्यवसायिक खेती गर्न प्रोत्साहन गरिनेछ ।

**उपस्थित सम्पूर्ण गाउँसभा सदस्यज्यूहरु,**

३२.स्थानीय तहमा दर्ता भएका बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नका लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गरि श्रममूलक आयोजना मार्फत समुदायको विकाससँगै सामाजिक संरक्षणको प्रत्याभूति गराइनेछ । रोजगार केन्द्रमा सूचिकृत बेरोजगार श्रमिकलाई रोजगार दिन प्रधानमन्त्री रोजगार कार्यक्रम्का योजनालाई प्रभावकारी कार्यान्वयन गरिनेछ। युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना तथा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालनलाई सशक्त रुपमा कार्यान्वयनमा ल्याइनेछ । आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय,निजी,सहकारी र गैर सरकारी संस्थाहरुसँगको समन्वय र सहकार्यमा जोड दिइनेछ । बेरोजगार र विपन्न नागरिकलाई तालिम प्रदान गर्न संघीय र प्रदेश सरकारको साझेदारीमा सीपमूलक तालिम सञ्चालन गरिनेछ । सहिदभूमि गाउँपालिकाका बेरोजगार युवाहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत श्रममुलक रोजगार प्रदान गरी सहिदभूमि गाउँपालिकाका विभिन्न आयोजनाहरुमा सहभागी गराइनेछ।

३३. प्राकृतिक प्रकोप वा विपद्मा परेर जनधनको क्षति भएमा विपद् व्यवस्थापन समितिमार्फत उपयुक्त राहतको व्यवस्था मिलाइनेछ । आगलागी र डढेलो नियन्त्रणका लागि स्थानीय समुदाय र सामुदायिक वन उपभोक्ता समूहलाई चेतना अभिवृद्धि अभिमुखीकरण गराइनेछ । विपद् पूर्वतयारी प्रतिकार्य योजना कार्यान्वयनका लागि स्थानीय नेपाल प्रहरी, नेपाल रेडक्रस सोसइटी लगायतको सहकार्यमा विपद् प्रतिकार्य समूहको गठन गरिनेछ।

३४.सहिदभूमि गाउँपालिकामा रहेका सहकारी क्षेत्रको स्तरोन्नति तथा गरिबी न्यूनिकरणका लागि सहजीकरण गरि सहकारी संस्थाहरुलाई आयआर्जनका लागि प्रोत्साहन गरिनेछ। ग्रामीण क्षेत्रमा छरिएर रहेका स-साना पूँजी तथा सीप परिचालन गरि आर्थिक क्रियाकलापहरुमा एकीकृत सुदृढ र प्रभावकारी सहकारी प्रणाली स्थापित गर्न पहल गरिनेछ। सहकारी व्यवसायहरुमा उद्यमशीलता एवम् प्रतिष्पर्धात्मक क्षमताको अभिवृद्धिका लागि सहजीकरण गरिनेछ। सहकारी संस्थाहरुको क्षमता बिकासमा जोड दिइनेछ। कृषि तथा बहु उद्देश्यीय सहकारी मार्फत किसानहरूको लागि विउ, मलखाद एवम् अन्य कृषि सामग्रीहरूको समयमै उपलब्ध हुने वातावरण मिलाउँदै कृषि बीमा, पशु बीमा र बाली विविधिकरण कार्यक्रम संचालनलाई निरन्तरता दिइनेछ।

३५.सहिदभूमि गाउँपालिकामा रहेका सार्वजनिक स्थलहरूमा जैविक विविधता संरक्षण गर्न र पानीको भूमिगत मुहानलाई सुरक्षित राख्न तथा हिउँदे कृषि सिचाईँलाई प्रवर्द्धन गर्न उच्च सुख्खा डाँडाहरुमा बर्षे पानी संकलन गर्न सार्वजनिक पोखरीहरूको निर्माण गरिनेछ।

३६. सहिदभूमि गाउँपालिकाको सार्वजानिक सेवा प्रवाहलाई सरल, सर्बसुलभ र सेवामैत्री बनाउँदै लगिनेछ। जसका लागि जनप्रतिनिधि र कर्मचारीहरुको अवलोकन भ्रमणमार्फत क्षमता अभिबृद्धि तथा अनुभव आदानप्रदान गर्ने व्यबस्था मिलाइनेछ।

३७.कर्मचारीलाई समय सापेक्ष प्रविधिमैत्री बनाउनका लागि क्षमता बिकास तालिम प्रदान गरिनेछ । गाउँपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीको नवीनतम सीपको विकास गर्न आवश्यक व्यवस्था मिलाइनेछ । कर्मचारीको कार्यसम्पादनका आधारमा प्रचलित कानुन बमोजिम पुरस्कार र दण्डको व्यवस्था गरिनेछ ।

३८.सहिदभूमि गाउँपालिकाले सेवा करार गरी लिएका जनशक्ति र कृषि तथा पशु सेवामा कार्यरत एक गाउँ एक कृषि तथा पशु प्राविधिकलाई निरन्तरता दिइनेछ । गाउँपालिकाको राजश्व संकलनको दायरालाई फराकिलो पार्दै गाउँपालिकाको आन्तरिक स्रोतमा बृद्धि गर्न आवश्यक व्यवस्था मिलाइनेछ । सो कार्यको लागि सेवा करारमा भएका जनशक्तिलाई निरन्तरता दिइनेछ ।

३९. सहिदभूमि गाउँपालिकामा कृयाशिल गैह्रसरकारी संस्थाहरूले गाउँपालिकाभित्र कार्यक्रम तथा परियोजनाहरू सञ्चालन गर्दा नेपाल सरकारको घोषित नीति बमोजिम गाउँपालिकाबाट स्वीकृति प्राप्त गरे पश्चात मात्र कार्यक्रम तथा परियोजना सञ्चालन गर्न दिने नीतिलाई निरन्तरता दिइनेछ ।

४०.सहिदभूमि गाउँपालिकामा सबल उर्जा व्यबस्थापन अन्तर्गत गाउँपालिकाभित्र रहेका विद्युत पोलहरूलाई क्रमश फलामे पोलका रुपमा रुपान्तरण र विद्युतीकरण बिस्तार गर्ने प्रक्रियालाई अगाडि बढाइनेछ । विद्युत तथा दुरसञ्चार टावर र पोललाई नम्बरीङ गर्ने कार्यको थालनी गरिनेछ । साथै गाउँपालिकाभित्रका विद्युत पोलमार्फत बिस्तार गरिएका केबललाईन, नेटलाईन, ल्याण्डलाईनलाई करको दायरामा ल्याउन वडा कार्यालय मार्फत जिम्मेवारी दिइनेछ ।

४१. एकीकृत सम्पत्ति कर/सम्पत्ति तथा भूमिकर तथा घरनक्सा निर्माण अनिवार्यतालाई यसै आर्थिक बर्षदेखि लागू गरी वास्तविक सम्पत्ति मुल्यांकनको आधारमा प्रगतिशील कर प्रणाली मार्फत कर संकलनको दायरालाई फराकिलो पार्दै संकलन कार्यलाई प्रभावकारी बनाउँदै लगिनेछ ।

४२.नेपालको संविधान २०७२ ले स्थानीय तहलाई दिएको २२ वटा अधिकार क्षेत्र भित्र रही स्रोत परिचालनलाई समतामुलक, प्रगतिशील र न्यायपूर्ण पद्धति अपनाई कर तथा राजश्व निर्धारण गरिने छ । सबै सरोकारवाला करदाताहरूको सहभागितामा राजश्व अभिबृद्धि गरी कुल वजेटमा आन्तरिक आम्दानीको अंशलाई बढाउँदै लगिने छ ।

अन्त्यमा,

सहिदभूमि गाउँपालिकालाई समग्र बिकास गर्नको लागि यस नीति तथा कार्यक्रमले अंगिकार गरेका बिषयबस्तुहरुको कार्यान्वयनको पक्ष महत्वपूर्ण हुनेछ । आगामी बजेटबाट नीति तथा कार्यक्रममा व्यक्त प्रतिवद्धतालाई सम्बोधन हुने विश्वास लिएको छु । नीति तथा कार्यक्रमको लागि सुझाव दिनुहुने र तर्जुमा कार्यमा संलग्न हुने सबै महानुभावहरुमा हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु ।

जय सहिदभूमि ।

मनोज राई
अध्यक्ष
सहिदभूमि गाउँपालिका,धनकुटा
एवम्
गाउँसभा सदस्य परिवार